सुनवर्षी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

डाईनियाँ, मोरङ

कोशी प्रदेश, नेपाल

प.सं. २०८३/८४

च.नं. ५ १११

मितिः २०८३/०६/०७

## घर नक्सा अभिलेखिकरण सम्बन्धी अत्यन्तै जरुरी सूचना !

श्री सवै वडा कार्यालयहरु,

श्री सवै सरोकारवाला घरधनीहरु।

प्रस्तुत विषयमा यस सुनवर्षी नगरपालिका, नगरकार्यपालिकाको मिति २०८३।०५।२६ गते बसेको वैठकको निर्णयानुसार यस नगर क्षेत्र भित्र निर्मित भवन निर्माण सम्वन्धी मापदण्ड, संहिता र सुनवर्षी नगरपालिकाको घरनक्सा नियमित तथा अभिलेखिकरण कार्यविधि २०८२ बमोजिम मिति २०७४।०६।२९ भन्दा अघि तत्काल प्रचलित कानुन बमोजिम वनेका घर, नक्सा पास नगरी बनेका घर, पास भएका नक्सामा स्वीकृति वेगार हेरफेर गरी निर्माण सम्पन्न भएका नयाँ घर/भवन छाना (अपार्टमेण्ट, हाउजिङ्ग, होटल र व्यवसायिक भवन साथै सार्वजनिक वाटो, साँध सधियारको जग्गालाई असर गर्ने गरी निर्माण भएका वाहेकको) अभिलेखिकरण कार्यको लागी पुनः एक पटक आजको मितिवाट ६ महिना भित्र नियमित अभिलेखिकरण गर्न यस कार्यालयको घर/भवन नियमन तथा पूर्वाधार विकाश शाखामा तपशिल बमोजिमका कागजपत्र सहित निवेदन पेश गर्न हुन यो सुचना प्रकाशन गरिएको छ।

साथै म्याद भित्र निवेदन दर्ता नभएमा अभिलेखिकरण नहुने व्यहोरा समेत यस सुचना द्वारा जानकारी गराईन्छ।

आवश्यक कागजातहरु:

- नक्सा पास किताव।
- जग्गा धनीको नागरिकता प्रमाण पत्रको प्रतिलिपि।
- जग्गा धनी प्रमाण पुर्जा प्रतिलिपि।
- पासपोर्ट साईजको फोटो ३ प्रति।
- नापी नक्सा।
- चालु आ.व.का कर तिरेको रसिदको प्रतिलिपि।
- घर नक्सा (शंसोधन भए सो को समेत) ३ प्रति।
- चार किल्ला प्रमाणित।
- सम्बन्धित वडा कार्यालयको सिफारिस।

..........................

(हिमालय वराल)

प्रमुख प्रशासकीय अधिकृत